# कृषि ऐन:२०७७

## सखुवानन्कारकट्टी गाउँपालिका

सिरहा

मिति : २०७७ ।

CamScanner

# सखुवानन्कारकट्टी गाँउपालिका कृषि ऐन, २०७७

नेपालको संविधान २०७२ बमोजिम खाद्य सम्प्रभुता हकको संरक्षण गर्दै राज्यले अंगीकार गरेको कृषि नीतिमा उल्लेखित किसानको हक हित संरक्षण सम्बर्धन गर्दै कृषि उत्पादन र उत्पादकत्व बढाउन, परम्परागत कृषि प्रणालीलाई आधुनिकिकरण र व्यावसायिकिकरण गर्दै प्रसोधन, भण्डारण र बजारीकरण गर्न कृषक,उद्धमी किसान,कृषि समुह तथा सहकारीहरुलाई कृषि सेवा, सामग्री, प्रविधि का साथै कृषि उपजको उचित मूल्य र बजार पंहुचको व्यवस्था, तुलनात्मक लाभहरुको न्यायोचित वितरण र दीगो विकास गर्ने अवधारणा अनुरुप कृषि क्षेत्रको विकास, व्यवस्थापन र सुशासन सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६ बाट प्रत्याभुत हक अधिकार अनुसार स्थानीय तहको शासन सञ्चालनका लागि बनेकोसंचालन स्थानीय सरकार ऐन, २०७४ को परिच्छेद १५ को दफा ८७ बमोजिम सखुवानन्कारकट्टी गा.पा. को गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम " सखुवानन्कारकट्टी गाउँपालिकाको कृषि ऐन, २०७७ रहने छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भएपछि प्रारम्भ हुने छ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको प्रमूखलाई सम्भन्नु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उप-प्रमुख सम्भन्नु पर्छ ।

(ग) "कृषि" भन्नाले अन्नवाली, दलहन,फलफूल, तरकारी, मसला तथा नगदेबाली, पशुपन्छी पालन, निजी तथा करार गरिएका जग्गामा गरिएका घाँस तथा डाले रुख एवं जडिबूटीको खेती र तिनको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरणलाई सम्भन्नु पर्छ ।

(घ) "खेति योग्य जमिन"भन्नाले अन्नवाली, दलहन, फलफूल, तरकारी, पशुपालन, डालेघाँस एवं जडिबूटीको खेती गरिएको निजी जमिन वा सरकारले खेति गर्न योग्य भूमि छुट्टयाएको वा नछुट्टाएको खालि जमिन र नदी उकास खेति योग्य जमिनलाई सम्भन्नु पर्छ ।

(ङ) "स्थानीयतह वा सरकार" भन्नाले सखुवानन्कारकट्टी गाउँपालिका तथा वडाहरु र गा.पा.मा निर्वाचित जनप्रतिनिधिहरुसंभन्नु पर्छ ।

(च) "सभा" भन्नाले नगरसभा संभन्नु पर्छ ।

(छ) "किसान तथा व्यवसायीक किसान" भन्नाले आफ्नो परिवारका सदस्यकै श्रमबाट आफ्नो वा अरुको जमिनमा काम गरी परिवारको खाद्य आपूर्ति गर्ने परिवारको मूली वा उसको श्रीमान,

श्रीमती वा दुबैलाई सम्झनु पर्दछ । आम्दानीकालागि आफ्नो वा अर्काको जमीनमा परिवारका सदस्य बाहेक अरु श्रमिकको समेत प्रयोग र मूल रुपमा यन्त्रको प्रयोग गरी खेती गर्ने व्यक्तिलाई व्यावसायीक कृषक सम्झनुपर्छ ।

(ज) "कृषक समूह" भन्नाले स्थानीय तहमा दर्ता भै कृषि तथा पशुपंछी पालनमा काम गर्ने किसानहरुको समुहलाई संझनु पर्छ ।

( झ) " कृषि सहकारी ":- कृषि सहकारी भन्नाले सहकारी ऐन अन्तरगत कृषितथा पशुपंक्षि व्यवसाय गर्ने मूल उद्धेश्य राखि दर्ता भएको सहकारी संस्थालाई सम्झनु पर्दछ ।

( ञ) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम संझनुपर्छ ।

(ट)"पकेट क्षेत्र" भन्नाले कुनै कृषि तथा पंशुपछी पालन व्यवसायलाई सञ्चालन गर्न सम्भाव्यताको आधारमा निर्धारण गरिएको क्षेत्र संझनु पर्छ ।

(ठ)"भु-उपयोग" भन्नाले सरकारले बिभिन्न प्रयोजनका लागि वर्गिकरण गरि तोकेको जमिनको उपयोगलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## भुमी, सहकारी, कृषि तथा पशुपंक्षी सम्बन्धी निर्देशक सिद्धान्त

३. मार्ग निर्देशनका रुपमा रहने : (१) यस परिच्छेदको दफाहरुमा उल्लेखित निर्देशक सिद्धान्त मार्ग निर्देशनका रुपमा रहेछन् ।

(२) सखुवानन्कारकट्टी गाउँपालिकाले यस परिच्छेदको दफाहरुमा उल्लेखित सिद्धान्तको कार्यान्वयन गर्न आवश्यकता अनुसार श्रोत साधन परिचालन गर्ने गराउनेछ ।

४. निर्देशक सिद्धान्तहरु : (१) कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका कार्यहरु मार्फत खाद्यान्नमा आत्मनिर्भर बनाउने र तुलनात्मक कृषि उपज प्रवर्धन गर्न खाद्य संप्रभुताका आधारभुत मान्यता र मापदण्डअनुसारको कृषि प्रणाली अपनाउने उद्देश्य हुनेछ ।

(२) सखुवानन्कारकट्टी गाउँ पालिकाको संस्कृति परम्पराको सम्मान र संरक्षण तथा जैविक बिविधताको जगेर्ना गर्ने कृषि पद्दति जीविकोपार्जन, आय आर्जन तथा रोजगारीका आधुनिक सीपहरु, सहकारीको विकास, स्थानीय स्रोत साधनको अधिकतम उपयोग,स्थानीय कृषक समूह (बिपन्न महिला/पुरुष/आदिवासी/जनजाति र दलित) को उत्थानका लागि कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन गर्ने उद्देश्य हुनेछ ।

(३) कृषि तथा पशुपंक्षी व्यवसायको बिकास गर्दा स्वस्थ्य नागरिकको जीवनमा हानी पुर्‍याउने रसायनिक तथा घातक विषादीको प्रयोगलाई निरुत्साहन गर्ने, संकटापन्न महामारी रोग, किराको प्रकोपको रोकथाम,उपचार तथा नियन्त्रण, कृषि जनचेतनामा बृद्धि, मलजल विऊ विजनको सरल बिक्री वितरण र उपलब्धता, प्राङ्गारिक मलखादको प्रयोगमा बढावा गरि उत्पादनमा बृद्धि गर्ने उद्देश्य हुनेछ ।

(४) कृषिमा आधुनिक प्रविधिको विकास, जैविक विविधता र वातावरण संरक्षण संवर्धन, आधुनिक कृषि औजारको अध्ययन अनुसंधान विकास र सरल बिक्री वितरण र शिप हस्तान्तरण गर्ने उद्देश्य हुनेछ ।

(५) पशुपंक्षी पालन, नश्ल सुधार, प्रजातिको विकास विस्तार र हस्तान्तरण, चरिचरन व्यबस्थापन, रोजगार र आय आर्जन उन्मुख हुनेछ ।



CamScanner

(६) सखुवानन्कारकट्टी गाँउपालिकाबाट बजेट कार्यक्रम तर्जुमा गर्दा नै अनुदान, विमा, बजार विस्तार तथा व्यवस्थापन, संघ संस्थाको स्थापना गर्ने उद्देश्य हुनेछ ।

(७) रसायन, विषादी र प्लाष्टिकमा आधारीत उद्योगबाट खाद्य तथा कृषि प्रणालिमा पुऱ्याउने असरबाट मुक्त पार्ने प्रविधि र नियमन व्यवस्था निर्माण गर्ने उद्देश्य हुनेछ ।

(८) नेपाल सरकारको भू-उपयोग नीति र कानूनका आधारमा कृषियोग्य भूमिको संरक्षण र दीगो उपयोग गर्ने उद्देश्य हुनेछ ।

## परिच्छेद ३
## किसानको वर्गिकरण,सामुहिक तथा व्यवसायिक खेति बिकास तथा व्यवस्थापन

५. (१) किसानको वर्गिकरण :

जमिन उपयोग र व्यवसायको क्षमताको आधारमा किसानको वर्गिकरण ४ तहमा गरिनेछ जसअनुसार किसानलाई भूमिहिन**सिमान्त** कृषि मजदुर, साना किसान, मझौला किसान र ठूला किसानमा वर्गिकरण गर्न सकिने छ ।

(१.१) भोगचलन (कमाई) गरि आएको जमिनका आधारमा वर्गिकरण गर्न एक उच्च स्तरीय आयोग वनाई किसानको वर्गिकरण गर्न सकिनेछ ।

(१.२) भुमीहिन कृषकलाई भू-उपयोगको मापदण्ड वनाई एकल वा सामूहिक व्यवसायको लागि करारमा जमिन उपलव्ध गराई कृषि व्यवसायमा सकृय सहभागिता गराउन सकिने छ ।

(२) उपदफा (१) वमोजिम किसानलाई वर्गिकरण गर्दाभूमिहिन कृषि मजदुर भन्नाले भूमिको स्वामित्व नभएका**वा ०.१ हेक्टर भन्दा कम जमिन भएको वा खेति गर्ने तथा बार्षिक रुपले अधिकतम १ लाख सम्म कृषि बाट आम्दानि हुने**र कृषि क्षेत्रमा मजदुरको रुपमा काम गरि जिविकोपार्जन गर्ने किसानलाई बुझिनेछ ।

**(३)उपदफा (१)बमोजिम**साना किसान भन्नाले चार जनाको एकपरिवारलाई जीविकोपार्जन गर्नपुग्नेकृषि व्यवसाय वा ०.५ **हेक्टर** सम्म कृषि भुमि रहेका **वा खेति गर्नेतथा कृषि बाट १ लाख देखि ५ लाख सम्म बार्षिक आय हुने**किसान हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मझौला किसान भन्नाले चार जना भन्दा बढिको परिवारलाई जीविकोपार्जन गरी थप आम्दानी गर्ने तोकिएको मापदण्ड बमोजिमको व्यवसाय वा०.५ **हेक्टर देखि२ हेक्टर सम्म**कृषि भुमि रहेको**वा खेति गर्ने तथा कृषि बाट बार्षिक रुपले ५ लाख देखि माथि १५ लाख सम्म आम्दानि गर्ने** किसान हुनुपर्नेछ ।

(५) उपदफा (१) वमोजिम व्यावसायिक **ठुला** किसान भन्नाले तोकिएको मापदण्ड बमोजिमको व्यवसायको क्षमता वा **२हेक्टर जमिन भन्दा** माथि कानून बमोजिम कृषि भुमि राख्न पाउने **वा खेति गर्नेतथा बार्षिक १५लाख देखि माथि५० लाख सम्म कृषिबाट आम्दानि लिने** किसान हुनु पर्नेछ ।

CamScanner

(६) माथि उपदफा (१), (२) (३) र (४) मा उल्लेख भए बमोजिम ०.५ हेक्टर भन्दा कम जग्गा हुने व्यक्तिको जमिनलाई चाक्लाबन्दिमा समाहित गरि उनिहरुलाई सखुवानन्कारकट्टी गाउँ पालिकाले अन्यत्र रोजगारीको सुनिश्चितता प्रदान गरिनेछ ।

(७) माथि उपदफा(२),(३),(४),(५) मा उल्लेख भए बमोजिमका वर्गीकृत किसानहरुलाई सिप प्रविधि सहित प्राथमिकीकरण गरि अनुदान वितरण गरिनेछ ।

## परिच्छेद -४

## कृषि तथा पशुपंक्षीपालन सम्वन्धि प्राविधिक ज्ञान सीप सूचना प्राप्ती र सिकाई केन्द्र

६. सूचना तथा प्रचार प्रसार : (१) सखुवानन्कारकट्टी गाउँपालिकाले कृषकहरुलाई कृषि तथा पशुपंक्षी सम्बन्धी तालिम, प्रविधि, प्राविधिक टेवा, कृषक क्षमता तथा सीप विकास, सशक्तिकरण सम्बन्धी सूचना उपलब्ध गराउने छ ।

(२) उपदपफा (१) अनुसारको सूचना तथा प्रचार प्रसारका लागि कृषि बालि, तरकारी, फलफूल, नगदेवाली, पशुपंछी पालन, माछा पालन सम्बन्धी व्यवहार योग्य पाठ्य सामग्री तयार गर्ने, रेडियो तथा टेलिभिजन कार्यक्रम मार्फत प्रचार प्रसार र वहश/छलफल चलाउने, कृषि उद्यमी ,कृषक समूह तथा सहकारी सम्मिलित गराई " सिकाई कार्यक्रम" प्रत्येक क्षेत्रमा सञ्चालन गर्नुपर्ने छ .कम्तिमा प्रत्येक वडामा एक वटा कृषि सिकाइ केन्द्र तथा प्रदर्शनी स्थल निजि क्षेत्र वा समूह सहकारी ,उद्धमिहरु बाट संचालनमा ल्याइनेछ ।

(३) आवश्यक सूचना कृषकहरुले मागेका बखत सखुवानन्कारकट्टी गाउँपालिकाका विषयगत शाखाहरुले उपलब्ध गराउनु पर्नेछ । यसरी सूचना उपलब्ध नगराइएको पाइएमा तोकिए बमोजिम गर्न सकिने छ ।

७. कृषि प्राविधिक जनशक्तिबाट निःशुल्क सेवाको उपलब्धता : (१) कृषक समूह तथा सहकारीलाई कृषि वाली तथा पशुपंछी विकास कार्यक्रम सञ्चालन भएका पकेट क्षेत्रहरुमा नियमित रुपमा स्थलगत प्राविधिक सेवा उपलब्ध गराइने छ साथै विशेष किसिमको सेवा उपलब्ध गराउनु परेमा वा ठुला व्यवसायिक कृषक/उद्यमीको हकमा नियमानुसार शुल्क लाग्नेछ ।

(२) उपदफा (१) बमोजिम कृषक समूह तथा सहकारीहरुबाट सेवा माग गरिएमा सेवा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको सेवा उपलब्ध नगराउने कृषि प्राविधिकलाई कृषकहरुले कानूनी कारवाही माग गरी निवेदन दिन सक्नेछन् । यसरी कृषकले निवेदन दिएमा छानविन गरी सेवा प्रदान नगरिएको ठहरिएमा निज प्राविधिक माथि तोकिएको वा तोकिए बमोजिम सजाय हुनेछ ।

(४)सामुदायिक कृषि तथा पशुपंक्षी सेवा संरक्षणका लागि प्रचार प्रसार प्राविधिक ज्ञान सीप उपलब्ध गराउन तथा कृषकलाईपरार्मश सेवा उपलब्ध गराउन आवश्यक संख्यामा सेवा केन्द्रहरु स्थापना गरिनेछ र वडामा कम्तिमा एक सामुदायिक कृषितथा पशुपंक्षी सेवाकेन्द्र रहने छ। उक्त सेवाकेन्द्रको व्यवस्थापन नियमावलीमां तोकिए अनुसार हुने छ।

(५) सखुवानन्कारकट्टी गाउँपालिका भित्र कृषि र पशुपक्षीको प्रवर्द्धन र विकासको लागि सुचना र प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।साथै कृषि तथा पशुपंक्षी बिकासका कार्यक्रमहरुलाइ प्रभावकारी ढंगबाट संचालन गर्न आवश्यक नर्म्स ,निर्देशिका,मापदण्ड तथा कार्यबिधिहरु बनाइ कार्यान्वयन गर्न सकिनेछ।

## परिच्छेद ५

## विउ विजन, मलखाद तथा किटनाशक विषादी र वाली तथा पशुपंक्षी प्रवर्धन

८. बिऊ, विजन मलखाद तथा जैविक विषादीको सहज उपलब्धता :

(१ सखुवानन्कारकट्टी गाउँपालिकाले कृषकलाई मौसम अनुसार सिफारिस गरिएका विऊ विजन, महामारी वा प्राकृतिक पकोप्रजन्य रोग किरा आदिको नियन्त्रण र रोकथाम गर्नका लागि सिफारिस गरिएका जैविक विषादी तथा जैविक सुरक्षा विधिको सरल र सहज ढंगबाट समयमा नै व्यवस्था गर्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिम रोगव्याधिको महामारी संक्रमण फैलिएका स्थलमा तत्काल दक्ष प्राविधिक खटाई रोग माहामारी संक्रमण नियन्त्रण गर्न सहयोग पुर्‍याउनेछ।

(३) बिऊ बिजन तथा जैविक बानस्पतिक विषादी मलखादको सरल उपलब्धताको लागि उचित बजार व्यवस्था गरिनेछ।

(४) बिऊ विजन तथा जैविक विषादी र प्राङ्गारिक मलखाद बिक्री वितरणका लागी “कृषि तथा अन्य सहकारी,एग्रोभेट ” लाई प्राथमिकता दिईनेछ।

(५) रसायनिक र अनावश्यक रोग/किटनाशक विषादी प्रयोगमा बन्देज गरी जैविक विविधता र कृषि वातावरण संरक्षण गर्न कृषक समूहको सहभागी रहेको तोकिएको समिति गठन गर्नुपर्नेछ। सो समितिले अनुगमन मूल्यांकन गरी रसायनिक र अनावश्यक वा अत्याधिक किटनाशक विषादी बिक्रेता र प्रयोगकर्ता किसानलाई सचेत तथा तोकिएको वा तोकिए बमोजिम सजाय गर्ने सिफारिस गर्न सक्नेछ।

(६)पशुपंछी व्यवस्थापनमा मापदण्ड अनुसारको नश्ल सुधार, आहारा, गोठ/खोर निर्माण, जैविक विविधता संरक्षण, वजार व्यवस्थापन, उपचार तथा महामारी रोग नियन्त्रण, जैविक सुरक्षा तोकिए बमोजिम गरीने छ।

९. कृषक समूहको गठन : (१) सहभागीतामूलक कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको व्यवसायीकता अभिबृद्धि गर्न सहजीकरणका लागी क्षेत्रगत तथा विषयगत कृषक समूहको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने कृषक समूहमा रहने पदाधिकारी तथा कृषकहरुको संख्या तोकिएको नियम बमोजिम हुनेछ ।

१०. तथ्याङ्क अभिलेख राख्नु पर्ने : (१) सखुवानन्कारकट्टी गाउँपालिकामा रहेका कृषि तथा पशुपंक्षी सम्बन्धी निकायले आफ्नो क्षेत्र भित्रको कृषि जमिन, कृषि वाली, फलफूल, तरकारी खेति, नगदेवाली, रैथाने लोपोन्मुख पशुपंक्षी तथा वाली, कृषि उपजको उत्पादन तथा खपत, मलखादको आवश्यक परिमाण , रोग तथा किरा र पशुपंक्षी पालन सम्बन्धी आवश्यक वास्तविक तथ्याङ्कको अभिलेख तयार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलित तथ्याङ्कलाई समय समयमा सार्वजनिक तथा अध्यावधिक गर्ने र सरोकारवाला निकायलाई जानकारी गर्ने ।यसरी तयार गरिएको तथ्यगत तथ्याङ्कलाई अध्ययन विश्लेषण गरी भावि कृषि रणनीति तथा योजना निर्माणमा प्रयोग गरिनेछ ।

११. अनुगमन मूल्याङ्कन सम्बन्धी व्यवस्था : (१) सखुवानन्कारकट्टी गाउँ पालिकामा संचालित कृषि वाली तथा पशुपंक्षी विकास कार्यक्रमबाट तोकिएको प्रतिफल प्राप्तीका लागी र तत्काल क्षेत्रगत रुपमा आईपरेका समस्या समाधानका लागी तोकिएको वा तोकिए बमोजिमको र निजि उद्यमी/कृषक समूह/सहकारीहरुको प्रतिनिधित्व हुने गरी अनुगमन मूल्याङ्कन समिति गठन गरिने छ।

(२) उपदफा (१) अनुसार गठन गरिएको अनुगमन मूल्याङ्कन समितिले गरेको सिफारिसलाई सखुवानन्कारकट्टी गाउँपालिकाबाट कार्यान्वयन गरिने छ ।

(३) उपदफा (१) बमोजिम गठित अनुगमन मूल्याङ्कन समितिले तोकिएको मापदण्ड अनुसार काम गर्नु पर्नेछ ।

## परिच्छेद ६
## अनुदान,विमा तथा कोष सम्वन्धि व्यवस्था

१२. अनुदान सम्बन्धी व्यवस्था : (१) कृषि क्षेत्रमा जीविकोपार्जन गरी जीवनयापन गर्ने किसान वा कृषक समूहहरुलाई उत्पादनमा आत्मनिर्भर बनाउनका लागि सखुवानन्कारकट्टी गाउँपालिकाले समय समयमा तोकिएको नीति निर्देशन र नर्म्सका परिधी भित्र रही कृषि तथा पशुपंक्षी व्यवसाय,प्राङ्गारिक मलखाद, जैविक विषादी, आधुनिक कृषि यन्त्र उपकरण, सेवाको क्षेत्रमा अनुदान उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) बमोजिम सखुवानन्कारकट्टी गाउँपालिकाबाट उपलब्ध हुने अनुदानको अतिरिक्तनेपाल सरकार , प्रदेश सरकार एवंम विकास साझेदारको श्रोतबाट समेत नियमानुसार थप अनुदान उपलब्ध गराउन सकिने छ ।

(३) सखुवानन्कारकट्टी गाउँपालिकाबाट उपलब्ध हुने अनुदानको अतिरिक्त उपदफा २ बमोजिम दिइने अनुदान नेपाल सरकार, प्रदेश सरकार एवंम विकास साझेदारहरुबाट नियमानुसार श्रोत प्राप्त गर्न सक्नेछ ।

(४) माथि उल्लेखित उप-दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहबाट गरिबीको रेखा मुनी रहेका महिला ,दलित जनजाति, भूमिहिन कृषकहरुलाई निर्देशिका बनाई विशेष अनुदान उपलब्ध गराइने छ ।

CamScanner

१३. विमा सम्बन्धी व्यवस्था: (१) कृषि बाली, नगदे बाली, तरकारी खेति,पशुपंक्षी पालन,माछापालन लगायत कृषि व्यवसाय गर्ने कृषकलाई तोकिएको वा तोकिए बमोजिम विमा सुविधा उपलब्ध गराईने छ ।

(२) उपदफा (१) बमोजिम विमा सम्बन्धी विस्तृत कार्यविधी र निर्देशिका स्थानीय तहबाट तयार गरी कार्यान्वयन गरिने छ ।

१४. कृषि तथा पशुपंक्षी विकास कोषको व्यवस्था: (१) सखुवानन्कारकट्टी गाउँपालिकामा नेपाल सरकारवाट विनियोजित रकम, प्रदेश सरकार र विकास साझेदार एवंम सखुवानन्कारकट्टी गाउँपालिकावाट प्राप्त हुने रकम जम्मा गरी एक कोषको व्यवस्था गरिने छ ।

(२) उपदफा (१) बमोजिम दाखिला हुन आउने रकम नेपाल सरकारवाट तोकिएको ऐन कानून वमोजिम मात्र खर्च गरिने छ । सो को लेखा परिक्षण नेपालसरकारवाट तोकिए बमोजिम सम्पन्न गरि नेपालसरकार तथा नगरसभा समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नगरपालिकालाई प्राप्त रकम खर्च गर्दा अनियमितता हुन नपाउने गरि खर्च गर्ने व्यवस्थापनको लागि कार्यविधि वा निर्देशिका तयार गरिने छ ।

(४) कृषकलाई कृषि पेशा प्रति समर्पित र लगाव राखि राख्न आत्मनिर्भरताका लागि स्थानीयस्तरमा मापदण्ड तयार गरि अनुकुल वातावरणको व्यवस्था गरिनेछ ।

१५ कृषि ऋण :- (१) व्यवसायीक कृषकहरुलाई पूँजीको व्यवस्थापन गर्न बैंक तथा बित्तिय संस्थाहरुसंग सहकार्य गरी सहुलियत व्याजदरमा कृषि ऋण उपलव्ध गराईने छ । सोका लागि बैक तथा वितिय संस्था समक्ष सखुवानन्कारकट्टी गाउँपालिकाले जमानत बस्न सक्नेछ ।

(२) कृषि व्यवसायीलाई उपदफा (१) बमोजिमको कृषि ऋणमा निर्देशिका वनाई व्याज अनुदान उपलव्ध गराउन सकिने छ ।

## परिच्छेद ७
## भण्डारण, प्रशोधन, प्रदर्शनी स्थल, तथा वजार व्यवस्थापन

१६. आन्तरिक तथा वाह्य वजारको व्यवस्था: (१)स्थानीय स्तरमा उत्पादन गरिएका कृषि उपज, तरकारी, फलफूल, नगदेवाली र पशुपंछी तथा पशुपंछीजन्य उत्पादनको आन्तरिक खपतका लागि कोशेली घर, हाट वजार, संकलन केन्द्र वा सहकारी सुपथ मुल्यका पसलहरु सञ्चालनमा ल्याई आम उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयूक्त वस्तु तथा सेवा उपलव्ध गराइनेछ ।

(२) उपदफा (१) वमोजिम उत्पादित वस्तु तथा सेवाको कृषक हकहितका लागि सहज वजार पहुंचको व्यवस्था गरिनेछ ।

(३) उपदफा (१)बमोजिमको उत्पादित वस्तुहरु स्थानीय तहहरुमा खपत भै जगेडा रहन गएका वस्तुहरुको भण्डारणको व्यवस्था गरिने छ । बिग्रने वा सडीगली जाने तरकारी, फलफूल, माछा मासुको लागि शितभण्डारको निर्माण तथा व्यवस्थापन गरिने छ ।

CS CamScanner

(४) सखुवानन्कारकट्टी गाउँपालिकामा उपभोग भै बचत रहन गएका वस्तुहरुको अन्य गाँउ/नगर पालिका, प्रदेश क्षेत्रमा तोकिए बमोजिम निकासी गर्न पाउने व्यवस्था गरिने छ ।

(५) स्वदेशमा मात्र खपत हुन नसक्ने वस्तुहरुको अन्तर्राष्ट्रिय बजारमा निकासी गर्न सक्ने गरी तोकिएका वा तोकिए बमोजिमको व्यवस्था गरिने छ ।

(६) उपदफा (२) बमोजिम बिक्री वितरण गरिने पशुपंक्षीको मासु जन्य पदार्थको शुद्धताको लागि आधुनिक वधस्थल, वधशालाको निर्माण , सुदृढिकरण र विस्तारमा जोड दिइनेछ ।

(७) पशुपंक्षी विकास गर्न नश्ल सुधार सम्वन्धी जनचेतनामूलक तथा सरल र आधुनिक प्रविधि र सीप विकाशमा जोड दिइनेछ ।

(८) कृषि र पशुपक्षी व्यवसायका लागि उत्पादनमा आधारीत उद्योगहरु संचालन गर्न जोड दिइने छ ।

१७. कृषि तथा पशुपक्षी प्रदर्शनी र व्यापार मेला सञ्चालन : (१) सखुवानन्कारकट्टी गाउँपालिकामा उत्पादित कृषि उपज तथा पशुपंक्षी जन्य उत्पादनको संरक्षण प्रर्वधन र बजार विस्तारको लागि सुहाउँदो स्थानमा कृषि तथा व्यापार मेला सञ्चालन गरिने छ ।

(२) उपदफा (१) बमोजिम कृषि प्रदर्शनी तथा व्यापार मेला सञ्चालन तथा व्यवस्थापनका लागि तोकिएको वा तोकिए वमोजिम कर लगाउन सकिने छ ।

(३) उपदफा (२) बमोजिम लगाइएको कर कृषि कोषमा जम्मा हुने व्यवस्था गरिनेछ र सो कोषबाट आन्तरिक बजार व्यवस्थापन गरी बाँकी रहन गएको रकम सोही क्षेत्रको विकासमा मात्र खर्च गरिने छ ।

१८. खाद्यतथा माछा मासु प्रशोधन केन्द्र (१) आन्तरिक रुपमा बाह्य बजार विस्तारका लागि खाद्य वस्तुहरुलाई प्रशोधन गरी लामो समयसम्म गुणस्तर कायम राख्न सक्ने गरी भण्डारण प्रशोधन केन्द्र स्थापना गरिने छ ।

(२) स्थानीय तहमा उत्पादित वस्तुहरुको संरक्षणका लागि आयातलाई निरुत्साहित गरिनेछ ।

(३) आन्तरिक खपतबाट जगेडा भएका कृषि तथा पशुपंक्षी जन्य उत्पादन अन्य प्रदेश वा अन्तराष्ट्रिय बजारमा बिक्री वितरण गर्नको लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार भण्डारण, प्याकेजिङ गर्ने प्रशोधन केन्द्र सञ्चालनमा ल्याइने छ ।

(४)अन्तर्राष्ट्रिय व्यापार अभिबृद्धिका लागि निश्चित मापडण्ड तयार गरि नाकाहरुमा कृषि तथा पशुपंक्षी क्वारेन्टाइनको जाँच पडताल पछि मात्र पशुको निकाशी पैठारी गर्ने व्यवस्था गरिनेछ ।

(५) सखुवानन्कारकट्टी गाउँपालिकाले खाद्य सङ्कटकाल, प्राकृतिक प्रकोपको अवस्थामा प्रयोग गर्ने गरि खाद्यान्न भण्डारणमा सञ्चय वा जगेडा गर्न प्रोत्साहन गरिनेछ ।

## परिच्छेद ८

## कृषि योग्य जमिन व्यवस्थापन

१९. जग्गा भाडामा लिन दिन सक्ने - (१) भूमिहिन वा कम जमिन भएका व्यक्ति वा कृषक समुह र सहकारीलाई उत्पादनमा बृद्धि गर्न सहयोग पुर्याउनका लागि कृषि जग्गा भाडामा लिने दिने व्यवस्थालाई प्रश्रयदिई आधुनिक खेति प्रणाली विकाशकालागि सखुवानन्कारकट्टी गाउँपालिकाले भाडामा लिने दिने पक्ष विच समन्वयात्मक भूमिका खेल्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भाडामा दिने र लिने पक्ष बीच करारनामा सम्झौता भएका भाडामा दिने जमिनका हकदारसँग तोकिए बमोजिम जमिन भाडा कर उठाइने छ ।

(३) सहकारी/समूह/निजि उद्यमी/गैर सरकारी संस्था वा व्यक्तिहरु मिलेर सामूहिक खेति गर्न चाहेमा स्थानीय तहबाट स्वीकृती लिई खेति गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिम खेति गर्ने पक्षहरु र जमिन भाडामा दिने पक्ष बीच करार सम्झौता भएमा स्थानीय तहले दुवै पक्षबाट तोकिएको कर उठाइने छ ।

(५) खाली ऐलानी जमिनको कृषि प्रयोजनका लागि उपयोग गर्ने सम्बन्धमा भु उपयोग नीति बनाई कार्यान्वयन गरिनेछ ।

(६) सखुवानन्कारकट्टी गाउँपालिकाभित्र रहेका खेति योग्य प्रयोगमा आएका निजि/ऐलानि/गुठिका जमिनहरु, बाझो, पर्ति, नदि उकास तथा अन्य सार्वजानिक खालि जग्गाहरुलाई चक्लाबन्दि खेति संचालन कार्यविधि अनुरुप प्रयोगमा ल्याइने छ ।

२०. स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन : (१) किट तथा पशुपंछिको विकासको लागि स्थानीय तहमा उपलब्ध भएका सार्वजनिक जमिन, खर्क वा बाँझो जमिनलाई चरन तथा खर्कक्षेत्र तोकी प्रयोगमा ल्याउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा चरीचरन गराउने पशुपालक कृषकले चरन गराएवापत सखुवानन्कारकट्टी गाउँपालिकालाई वार्षिक तोकिए बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(३) कुनै व्यक्तिले जमिन बाँझो **राखी अनुत्पादक बनाएमा**उक्त जमिन स्थानीय तहले तोकिएको वार्षिक शुल्क तिर्ने गरी निश्चित अवधिको लागि करार सम्झौता गरी भाडामा लिन सक्नेछ **र** सखुवानन्कारकट्टी गाउँपालिकालाइ **भाडामा उपलब्ध गराउन नमानेमा** सखुवानन्कारकट्टी गाउँपालिकाले **उपलब्ध गराउने कुनैपनि सेवा उपलब्ध गराउन बाध्य हुनेछैन।**

(४) चरन तथा खर्क क्षेत्र तोकिए पछि सखुवानन्कारकट्टी गाउँपालिकाले यस क्षेत्रमा आधुनिक घाँसे मैदानको विकास गराउनु पर्नेछ ।

(५) माथि उप-दफाहरुमा जुनसुकै कुरा उल्लेख भएतापनि कुनै किसानले कृषि योग्य जमिन बाँझो राखेमा त्यस्ता किसानहरुलाई सखुवानन्कारकट्टी गाउँपालिकाले तोकिए बमोजिमको जरिवाना गर्न सक्नेछ ।

(६) सखुवानन्कारकट्टी गाउँपालिका क्षेत्र भित्र खुल्ला चरीचरण नियन्त्रणका लागि आवश्यक कार्यविधि बनाइ कान्जि घर बनाइने छ ।

## परिच्छेद९

## विविध

२१. सखुवानन्कारकट्टी गाउँपालिकामा रहेका पानीमुहान, पोखरी, नदिनाला, स-साना कूलो संरक्षण:

स्थानीयतहमा प्राकृतिक रुपमा रहेका पानीको मुहान, पोखरी नदिनाला, परम्परागत कूलो बाँध पैनीको मर्मत संभार र जिर्णोद्धार गरि सिंचाई खानेपानीका लागि सञ्चालनमा ल्याईनेछ । यस्ता सिचाई प्रवर्धनमा बिद्युतीय तथा सौर्य उर्जाको उपयोगमा जोड दिईने छ ।

२२. जलवायु अनुकुलन, जैविक विविधता र वातावरणको संरक्षण :

(१) जलवायु अनुकुलनका लागि उपयुक्त प्रविधि विकाशमा जोड दिईने छ साथै स्थानिय बिपद जलबायु उत्थानशिल योजना बनाई लागु गरिने छ । प्राकृतिक पहिचान भएका वाली वोट विरुवाहरु वनस्पति तथा विऊ विजनको अनुवंशहरु, जीवहरुको संरक्षण , सम्वर्धन,प्रर्वधन र जलवायु अनुकुलन गर्ने दायित्व र कर्तव्य स्थानीयतहको हुनेछ ।

(२) उपदफा (१)वमोजिम संरक्षण, सम्वर्धन तथा प्रवर्धन गर्दा र जमिनको प्रयोग गर्दा वातावरणमा कुनै किसिमको फेरवदल हुने वा असर पार्ने कार्य नगरी वातावरणलाई दीगो रुपमा संरक्षण गर्नु पर्नेछ ।

२३. सखुवानन्कारकट्टी गाउँपालिका अन्तर निकाय समन्वय र नियमन **तथा निजि क्षेत्र संग सहकार्य** :

(१) स्थानीय तहमा रहेका अन्तर सरकारी निकाय र गैरसरकारी निकाय वीच कार्यकम, योजना तथा विकाश निर्माण कार्य सञ्चालन दोहोरो नपर्ने र समन्वय सहित योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ । यस कार्यलाई ब्यबस्थित गर्न कार्यक्रम सहयोग ईकाई गठन गरी सोको कार्यबिधि बनाई कार्यान्वयन गरिनेछ ।

(२) उपदफा (१) वमोजिम योजना कार्यान्वयन गर्दा अन्तर **स्थानीय तह** वा प्रदेश**तथा अन्य प्रदेश तथा स्थानीय तह संग** समन्वय गर्नु आवश्यक भएमा सखुवानन्कारकट्टी गाउँपालिकाले प्रदेश मार्फत वा सिधै पनि सम्पर्क वा समन्वय गर्न सक्नेछ ।

**(३) सखुवानन्कारकट्टी गाउँपालिकाले जनसहभागितामा आधारित सार्वजनिक ,निजि साझेदारी कार्यक्रम संचालन कार्यविधि बनाइ सहकार्यमा कार्य गर्न सकिनेछ ।**

२४. कृषि पर्यटन : पर्यटन प्रवर्द्धन हुने गरी व्यवसायिक कृषि सञ्चालन गर्न सखुवानन्कारकट्टी गाउँपालिकाले प्रोत्साहन गर्ने छ । कृषि तथा पशुको स्रोत केन्द्र विकास गर्दा पर्यटन प्रवर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ । कृषि पर्यटन प्रवद्धन गर्न नमुना कृषि पर्यटन स्थल घोषणा गरिने छ ।

२५. कृषि वन प्रणालीको विकास : (१) जलवायु तथा पर्यावरणीय क्षेत्रमा आएको फेरवदल र बढदो खाद्यान्नको मागको वर्तमान अवस्थालाई दृष्टिगत गरि एकिकृत कृषि व्यवसाय अपनाउन र वातावरण तथा वनस्पतिको संरक्षण गर्दै खाद्यान्न उत्पादन बढाउन पातलिएको वनमा**बन उपभोक्ता समिति संग समन्वय गरि** स्थान विषेश वाली

तथा फलफुलको खेति विकाश गरि खाद्यान्न, फलफुल तथा नगदेवाली र घाँस खेति विकास गरिनेछ ।

(२) उपदफा (१) वमोजिम पातलिएको वनमा कृषि खेतिको लागि इच्छुक व्यक्ति वा फर्मलाई निश्चित अवधि तोकी कवुलियत गरि वन दिन सकिनेछ ।

(३) उपदफा (२) वमोजिम कवुलियत गर्न उपयुक्त वनमा कृषि खेति गर्ने व्यक्ति वा फर्मले वनमा विद्यमान रहेको वातावरणलाई कुनै प्रतिकुल असर नपुर्याउने गरि र सो प्रयोग गरे वापत वार्षिक रुपमा तोकिए बमोजिम सखुवानन्कारकट्टी गाउँपालिकालाई शुल्क वुझाउने गरि दिन सकिनेछ ।

२६. कृषक परिचय पत्र र पेन्सन व्यवस्था:- कृषकको वर्गिकरण अनुसार परिचय पत्र प्रदान गरिने छ । परिचय पत्रको आधारमा कार्यविधि वनाई कृषक पेन्सन कार्यक्रम ल्याईने छ ।

२७. आन्तरिक तथा वाह्य सहयोग लिन सक्ने:

संघिय सरकारको अनुमति लिई स्थानीय तहले आफ्नो क्षेत्रको विकाशको लागि स्वदेशी वा विदेशी संघ संस्थासंग आर्थिक तथा प्राविधिक सहयोग लिन सक्नेछ । तर सखुवानन्कारकट्टी गाउँपालिकाले यसरी प्राप्त रकम र सहायता सम्झौता भएको क्षेत्रमा नै प्रयोग गर्नु पर्ने छ ।

२८ सखुवानन्कारकट्टी गाउँपालिका भित्र नगर स्तरिय पशुपंक्षी अस्पताल संचालन गरिनेछ ।

२९. सखुवानन्कारकट्टी गाउँ पालिकाभित्र कृषि तथा पशुपंक्षी सम्बन्धि अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना र परिचालन गरिनेछ । विभिन्न विषय विज्ञहरुलाई अध्ययन अनुसन्धानका लागि सहयोग गरिनेछ र यस क्षेत्रमा काम गर्ने अनुसंन्धान कर्ता, विद्यार्थी, कृषकहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार तथा छात्रवृत्ति प्रदान गरिने छ ।

३०. नियम/कार्यविधि/मापदण्ड/मार्गदर्शन बनाउने अधिकार: यस ऐनको कार्यान्वयनको लागिसखुवानन्कारकट्टी गाउँपालिका ले **बिषयगत आवश्यकता अनुशार** नियम कार्यविधि/मापदण्ड/मार्गदर्शन बनाई कार्यन्वयन गर्न सक्नेछ ।

३१. संघ, प्रदेश सरकारको ऐनसंग वाझिएमा बाझीएको हदसम्म अमान्य हुने : सखुवानन्कारकट्टी गाउँपालिकाबाट तर्जुमा गरिएको यो ऐन संघर प्रदेशको ऐन सँग बाझिन गएमा बाँझिएको हद सम्म यो ऐनका सम्बन्धित दफाहरु निस्कृय रहने छ ।

३२. व्याख्या गर्ने अधिकार : यो ऐनको व्याख्या गर्ने अधिकार सखुवानन्कारकट्टी गाउँपालिकामा निहित रहने छ ।

३३. बचाउ तथा खारेजी : सखुवानन्कारकट्टी गाउँपालिकाले कृषि तथा पशुपक्षी सम्बन्धि यस अघि गरेका सम्पुर्ण निर्णयहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ र यस अघि पारित भएका कार्यविधिहरु यसै ऐन बमोजिम खारेज हुनेछ ।